International Research Journal of Parroha
Volume 03, Issue 01, 2024. pp. 79–88
Research Article
https://doi.org/10.61916/prmn.2024.v03i01.009

# विद्यालय तहमा जीवनी शिक्षणका विधि र प्रक्रिया

**डा. नारायणप्रसाद पन्थ**
उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पस, रुपन्देही, नेपाल

**Abstract (लेखसार)**

प्रस्तुत लेखको उद्देश्य जीवनी शिक्षणका विधि, प्रक्रिया र शिक्षणक्रमको पहिचान तथा विश्लेषण गर्नु रहेको छ। गुणात्मक अनुसन्धान पद्धतिमा आधारित यस लेखमा गरिएको स्थलगत अध्ययनअनुसार उद्देश्यपूर्ण नमुना छनोटका आधारमा रूपन्देही जिल्लाका दसओटा विद्यालयमा नेपाली अध्यापन गर्ने बिसजना शिक्षक छनोट गरी अर्धसंरचनात्मक अन्तरवार्ताका आधारमा तथ्य सङ्कलन गरिएका छन्। यस लेखमा द्वितीयक स्रोतका रूपमा पुस्तकालयीय कार्यबाट सैद्धान्तिक सामग्री सङ्कलन गरी उक्त तथ्यहरूलाई विश्लेषणात्मक, वर्णनात्मक एवम् व्याख्यात्मक ढङ्गले विश्लेषण गरिएको छ। पाठ्यपुस्तकमा जीवनी समावेश गर्नुको उद्देश्य विशिष्ट व्यक्तिको जीवन चरित्रसँग परिचित गराएर उक्त आधारमा विद्यार्थीको मनोबल बढाउनु हो। महान् व्यक्तिहरूका असल गुणहरू अवलम्बन गरी सोहीअनुसार आचरण र व्यवहारमा परिवर्तन ल्याउने अपेक्षा गरिएको हुन्छ। जीवनी शिक्षणबाट शब्दभण्डारमा वृद्धि, मौलिक तथा सिर्जनात्मक अभिव्यक्ति, पठनबोध क्षमता, शब्दप्रयोगगत विशिष्टता, विचारको प्रस्तुतीकरण, सङ्गठन, वाक्यगठन तथा अनुच्छेद गठनगत सिपको विकास गराउन सकिने भएकाले व्याख्या, छलफल, प्रश्नोत्तर, तुलना, समीक्षा, प्रतिवेदन प्रस्तुति, परियोजना, पठनबोध तथा कक्षा प्रस्तुतीकरण विधिको उपयोग गर्दै कक्षाको परिस्थिति, जीवनीको गहनता तथा विद्यार्थीका कक्षागत स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधिहरू अँगाल्न सकिने निचोड निकालिएको छ। यो अध्ययन यस क्षेत्रमा रही अन्वेषण गर्न चाहने विद्यार्थी, शिक्षक तथा अनुसन्धानकर्तालगायतलाई सैद्धान्तिक अवधारणा ग्रहण गर्न र त्यसको उपयोग गरी प्रयोगपरक विश्लेषण गर्न मदत पुग्ने अपेक्षा गरिएको छ।

शब्दकुञ्जीः गद्य रचना, पठनबोध, व्यक्तित्व, शिक्षण विधि र प्रक्रिया

**Article Info.**

*Corresponding Author*
**Dr. Narayan Prasad Pantha**

*Email*
panthanarayan25@gmail.com

*Article History*
Received: 20 Aug. 2024
First Revised: 04 Sept. 2024
Second Revised: 28 Sept. 2024
Accepted: 10 Oct. 2024

*Cite*
Pantha, N. P. (2024). विद्यालय तहमा जीवनी शिक्षणका विधि र प्रक्रिया. *International Research Journal of Parroha (IRJP)*, *3*(1), 79–88.https://doi.org/10.5281/zenodo.13994548

## विषय परिचय

जीवनी कुनै व्यक्तिका सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण प्रस्तुत गरिएको गद्य रचना हो। यसमा व्यक्तिका आन्तरिक र बाह्य दुबै जीवनको यथार्थ र क्रमबद्ध रूपमा चित्रण गरिएको हुन्छ। यसमा विशिष्ट योगदान पुऱ्याउने व्यक्तिको समग्र व्यक्तित्व माथि प्रकाश पारिएको हुन्छ। व्यक्तिका जन्मदेखि मृत्युसम्मका आरोह–अवरोह, सफलता–असफलता, सङ्घर्ष वा विपत्ती लगायतका सम्पूर्ण घटनाको विवेचना वा विश्लेषण गरिन्छ।

जीवनीले व्यक्तिको जीवन वृतान्तलाई बुझाउँछ। यसमा व्यक्तिको बाल्यकाल, शिक्षादीक्षा, बानीव्यवहार, विशेष किसिमका योगदान, जीवनजगतलाई हेर्ने दृष्टिकोण तथा जन्मदेखि मृत्युसम्मका मुख्यमुख्य घटना समेटिएका हुन्छन्। यो व्यक्तिको जीवनलाई छर्लङ्ग पार्ने गरी लेखिएको ऋमबद्ध लेख हो। मानिसले जीवनभरि गरेका कामकुराहरूको अभिलेख हो। संस्कृत व्याकरणअनुसार 'जीव्+ल्युट्' निर्माण प्रक्रियाबाट बनेको जीवनीको अर्थ जीवनप्रद, जीवनदाता र प्राणप्रद भन्ने हुन्छ। यही जीवन शब्दमा स्त्रीबोधक 'ई' प्रत्यय लागेर जीवनी नामपद निर्माण भएको छ। यसले व्युत्पत्तिलभ्य अर्थमा जीवन वा जीवनको


Copyright©2024: Author(s). Published by Parroha Multiple Campus, Rupandehi, Nepal

सिद्धान्तलाई बुझाउँछ भने सिर्जनात्मक अर्थमा एउटा विशिष्ट व्यक्तिको जीवनका बारेमा लेखिएको साहित्यलाई बुझाउने गर्दछ । जीवनीलाई अङ्ग्रेजीमा 'बायोग्राफी' भनिन्छ । ग्रिक भाषाका जीवन अर्थबोधक बायोस् (Bios) र लेखन अर्थबोधक ग्राफियन् (Graphian) दुईओटा शब्द मिलेर बनेको बायोग्राफी (Biography) निर्माण भएको छ। यसको शाब्दिक अर्थ जीवनी लेखन वा लेखिएको जीवनकहानी हुन्छ। यसरी पूर्वीय र पाश्चात्य दुवैमा जीवनीले व्यक्तिको जीवनचित्र खिच्ने र पाठकसमक्ष प्रस्तुत गर्ने काम गर्दछ। पूर्वीय जगतमा जीवनीको प्रयोग वैदिक साहित्यमा कम र लौकिक साहित्यमा बढी भएको पाइन्छ। वैदिक कालमा सूर्य, अग्निलगायतको परिचयात्मक सन्दर्भमा जीवनीको प्रारूप भेटाउन सकिन्छ (नेपाल, २०८१, जेठ २२)। यसमा व्यक्तिको केन्द्रीयतामा तत्कालीन समाजको सामाजिक, सांस्कृतिक वा राजनैतिक परिवेशसमेत चित्रण गरिएको हुन्छ। अङ्ग्रेजी विद्वान् ड्राइडनले जीवनीलाई खास खास मानिसहरूका जीवनको इतिहास भने तापनि ऐतिहासिक घटना र तिथिमितिको सङ्कलन र कोरा वर्णनले मात्र साहित्य जीवनी बन्न सक्दैन । यसमा कथामा जस्तो काल्पनिकता, कवितामा जस्तो भावुकता र निबन्धमा जस्तो आत्मपरकता नभई प्रमाणिक तथ्य, वस्तुपरक दृष्टिकोण, तत्कालीन समाजले स्वीकार गरेका मूल्य र मान्यतालाई महत्व दिएको हुन्छ। यसका लागि शिक्षकले नमुना जीवनी प्रस्तुत गर्दै अनुकरणात्मक जीवनीमा अभ्यास गराई स्वतन्त्र अभ्यास गराउनेतर्फ विशेष जोड दिइन्छ। पाठ्यपुस्तकमा राष्ट्रिय जीवनीअन्तर्गत साहित्यकार, राजनैतिक व्यक्तित्व र विद्वान्लगायतका जीवनी राखिएका छन् । अन्तर्राष्ट्रिय जीवनीअन्तर्गत पनि साहित्यकारका साथै वैज्ञानिक आविष्कारककासमेतका जीवनी समावेश गरिएका छन् । देश विदेशका महान् विभूतिहरूको जीवनीमा लगनशीलता, समर्पण, सेवाभाव र त्यागको भावना पाइन्छ । कठिन अवस्थामा पनि उनीहरू धैर्यशील भएर काम गरेका हुन्छन् । यस्ता महापुरूषहरू युगका निर्माता पनि हुन्" ( पन्थ, २०७८, पृ. ५७)। उनीहरूले आफ्नो युगलाई ठिक बाटोमा देखाउने काम गरेका हुन्छन् । यसर्थ पाठ्यपुस्तकमा नैतिक आर्दश र कर्तव्यबोधमा सक्रियतासाथ लाग्ने प्रेरणा प्रदान गर्न विद्यालय तहमा जीवनी विधा समावेश गरिएको हुन्छ।

## अध्ययन विधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धानको स्थलगत अध्ययनमा आधारित छ। यस अध्ययनका लागि उद्देश्यपूर्ण नमुना छनोटका आधारमा रूपन्देही जिल्लामा रहेका दसओटा माध्यमिक विद्यालयहरू कालिकामानवज्ञान, कान्ति, बुटवल, सिद्रेश्वर लालकुमारी, शान्ति नमुना, सैनामैना, नयाँ गाउँ, पशुपति, शङ्करनगर दुर्गादत्ता र रामापुर मा.वि. गरी जम्मा दसओटा विद्यालयमा नेपाली विषय अध्यापन गर्ने दुई दुई जनाका दरले बिसजना शिक्षक छनोट गरिएका छन्। अध्ययन गर्दा नेपाली विषय शिक्षकसँग भेटघाट गरी ब्ली र टेलर (सन् २००२) ले भनेझैँ अर्धसंरचना प्रकृतिको अन्तरवार्ता गरी तथ्य सङ्कलन गरिएका छन् । उक्त तथ्यहरूलाई गुणात्मक अनुसन्धानको ढाँचाअनुसार जीवनी शिक्षणका विधि, प्रक्रिया र शिक्षणक्रमको व्याख्या विश्लेषण गरिएको छ। लेखमा अनुसन्धानको नैतिक पक्षलाई ध्यान दिई विषय शिक्षकको नाम उल्लेख नगरी सङ्केतका आधारमा उनीहरूका धारणा प्रस्तुत गरिएका छन्। छनोट गरिएका शिक्षकहरूलाई शिक्षक एक, शिक्षक दुई, शिक्षक तीन, शिक्षक चार, शिक्षक पाँच गरी क्रमशः शिक्षक बिस गरी सङ्केत गरिएको छ। यही सङ्केतका आधारमा पहिले शिक्षकका साझा धारणा प्रस्तुत गरी आवश्यकताअनुसार जीवनी शिक्षणका बारे शिक्षकका व्यक्तिगत धारणा उल्लेख गरिएका छन्। निर्धारित विद्यालयमा अध्यापनरत नेपाली शिक्षकका धारणाका आधारमा व्याख्या विश्लेषण गरिएको छ। विश्लेषणात्मक विधिमा आधारित यस लेखमा पुस्तकालयीय कार्यबाट द्वितीयक स्रोतसामग्री सङ्कलन गरी सम्बन्धित सैद्धान्तिक ग्रन्थलाई स्रोतसामग्रीका रूपमा उपयोग गरिएका छन् । गुणात्मक प्रकृतिको यस लेखमा जीवनी शिक्षणका विधि र प्रक्रियाका बारेमा तथ्यपरक विश्लेषण गरिएको छ।

## सैद्धान्तिक पर्याधार

पौराणिक कालमा विभिन्न पुराणहरूमा पात्रको वंशवर्णनबाट जीवनी साहित्यका लागि आधार देखिन्छ । यसपछिको साहित्य युगमा आएर जीवनी साहित्यले निकै लोकप्रियता प्राप्त गरेको छ । संस्कृत साहित्य परम्परामा इसाको प्रथम शताब्दीमा अश्वघोषद्वारा लिखित 'बुद्धचरित' र 'सौन्दरानन्द' दुई कृतिमा जीवनी साहित्यको प्रारम्भिक रूप देखिन्छ। गद्य भाषाको सुन्दर प्रयोग सातौँ शताब्दीको पूर्वार्द्धमा बाण भट्टद्वारा लिखित 'हर्षचरित' लाई लिने गरिन्छ । यसपछि संस्कृत काव्यपरम्परामा जीवनीमूलक थुप्रै कृतिहरू लेखिएका छन् । संस्कृत गद्यमा वा पद्य दुवैलाई काव्य नै मानिने हुनाले संस्कृत काव्यपरम्परामा सिर्जना भएका अनेकौँ चरित्रकाव्यहरू जीवनी साहित्यकै

प्राचीन उपलब्धि हुन् (नेपाल, २०८१, जेठ २२)। पाश्चात्य साहित्यमा प्राचीन ल्याटिन तथा ग्रिसेली साहित्यमा इसापूर्व पहिलो शताब्दीदेखि नै जीवनीका रूपहरू फेलापरेका छन् । प्राचीन ग्रिसेली दार्शनिक प्लुटार्कले ५० जना तत्कालीन विशिष्ट व्यक्तित्वहरूको जीवनी तयार पारेको तथ्य पाइन्छ । यसको उद्देश्य नैतिक सन्देश फिँजाउने रहेको देखिन्छ । यसपछि इसाको १८ औँ शताब्दीका लेखकद्वय स्यामुअल जोनसनद्वारा लिखित 'लाइफ अफ रिचार्ड स्याभेज' र जेम्स बस्वेलद्वारा लिखित 'लाइफ अफ स्यामुअल जोनसन' जस्ता जीवनीमूलक कृति प्रकाशन भएपछि पश्चिमी साहित्यमा जीवनी साहित्यले चर्चा पाएको हो । १९ औँ शताब्दीमा युरोपेली र अमेरिकाली साहित्यमा जीवनी निकै लोकप्रिय बनेको र त्यसले एउटा विधागत मान्यता प्राप्त गरेको देखिन्छ । चिनियाँ साहित्यमा इसापूर्व दोस्रो शताब्दीका इतिहासकार सिमा छिएँले आफ्ना इतिहासकेन्द्रित कृतिहरूमा समकालीन विशिष्ट व्यक्तित्वहरूको जीवनी लेखेको पाइन्छ । भारतीय साहित्यमा भारतेन्दु हरिश्चन्द्रको समयबाट सचेत रूपमा जीवनी लेखनको काम भएको देखिन्छ । नेपाली सन्दर्भमा 'नेपाली बृहत् शब्दकोश'ले जीवनीलाई जीवनभर गरेका कामकुराको क्रमबद्ध लेख वा कथन, जीवनचरित्र, जीवनचरित वा कसैको जीवनसम्बन्धी इतिवृत्त ( पृ.४७०) भनी परिभाषित गरेको छ।

जीवनीमा कुनै व्यक्तिले जीवनभर गरेका कार्यको क्रमिक वर्णन गरी चरित्रनायकका सम्पूर्ण जीवनका यथेष्ट भागको चर्चा गरिन्छ । चरित्रनायकको सामान्य जीवनपद्धतिदेखि लिएर विशिष्ट योगदानको समेत कलात्मक प्रस्तुतीकरण रहन्छ। हालसम्ममा यसको सिर्जनात्मक प्रयोग प्रशस्त भए पनि यसलाई परिभाषाबाट चिनाउने वा सैद्धान्तिक चर्चा गर्ने काम कम मात्र भएको देखिन्छ। नेपाली साहित्यमा जीवनीको इतिहासलाई हेर्दा लोकजीवनसम्म पुग्न सकिन्छ । नेपाली लोकजीवनमा प्रचलित लोकगीत, सवाई, गाथा र भजनमा कुनै एउटा विशिष्ट चरित्रको वंशपरम्परासहितको वर्णन पाइन्छ । वीरधाराको समय वा त्योभन्दा अगाडिदेखि नै नेपाली गाइनेले गाउने कर्खा र सवाईमा कुनै विशिष्ट व्यक्तित्वको योगदानको वर्णन गरेको पाइन्छ । धार्मिक सन्दर्भमा गाइने भजनमा राम, कृष्णलगायतका चरित्रवर्णनका साथै वंशवर्णन पनि गरिएको पाइन्छ। यही लौकिक पृष्ठभूमिबाट लिखित साहित्यसम्म आइपुगेको जीवनी लेखनले औपचारिक मान्यता मोतीराम भट्टको समयबाट मात्र पाएको देखिन्छ। वि.सं. १९४८ मा मोतीराम भट्टद्वारा लिखित कवि भानुभक्ताचार्यको 'जीवनचरित्र' नेपाली साहित्यको पहिलो जीवनीमूलक कृति हो । यसपछि प्रतिमान थापाको 'सर जङ्गबहादुर राणाजीको जीवनचरित्र' (वि.सं. १९६५) र नरदेव पाण्डेको 'कविवर मोतीराम भट्टको सचित्र जीवनी' (वि.सं. १९९५) हुँदै हालसम्म आइपुग्दा जीवनी लेखनले नेपाली साहित्यमा एउटा विशिष्ट इतिहास निर्माण गरेको देखिन्छ (नेपाल, २०८१, जेठ २२)।

जीवनी लेख्दा दैनिकी, चिठी, अभिलेख, उसका साथीहरूको संस्मरण, उसका बारेका पुस्तकहरू, फोटा तथा तस्वीर र अन्तर्वार्ताबाट उससम्बन्धी आफूले प्राप्त गरेका ज्ञान जरूरी हुन्छ। यसमा शङ्कास्पद अनुमान र अतिकाल्पनिक उडन्ते कुरा तथा तथ्य नै बिग्रने गरी भावनामा बगेर गरिएका अतिशयोक्तिपूर्ण मूल्याङ्कनको औचित्य रहँदैन। व्यक्तिलाई आकाशमा पुर्याउन प्रयोग गरिने अनावश्यक विशेषणहरूले पनि जीवनीलाई खल्लो बनाउँछन्। यसमा त प्रमाणित सत्य कुरा प्रस्तुत गरी सौन्दर्यपूर्ण भाषामा वस्तुपरक विश्लेषण गरिन्छ । यसका लागि विशिष्ट व्यक्तित्वको जीवनकथा आवश्यक हुन्छ र त्यसलाई रोचक तरिकाले प्रस्तुत गर्ने स्रष्टाकला पनि आवश्यक हुन्छ । त्यसैले तथ्यलाई नबिगारेर आलङ्कारिक भाषाशैलीमा प्रस्तुत गर्ने काम जीवनी साहित्यमा हुनुपर्छ। जीवनी लेखन जीवनकथाको लेखन हो । यसमा चरित्रनायकको जीवनमा घटेका घटनाहरूको शृङ्खलाबद्ध प्रस्तुति र तिनको आख्यानीकरण भएमा जीवनी सुन्दर बन्दछ। चरित्रनायकको जीवनका घटनाहरू, चरित्रनायक र परिवेश सम्बन्धित व्यक्ति, उसले बाँचेको समय, स्थान र वातावरण नै हुने हुनाले यसका लागि काल्पनिक संसारको आवश्यकता पर्दैन तर त्यस घटनालाई कथाका शैलीमा प्रस्तुत गर्ने कलाचाहिँ जीवनी लेखकमा हुनै पर्छ (नेपाल, २०८१, जेठ २२)।

जीवनीका लागि लेखकीय इमानदारिता चाहिन्छ । जीवनकथालाई प्रस्तुत गर्ने क्रममा लेखकमा कुनै पनि प्रकारका कुराले प्रभावित पार्नुहुँदैन । लेखकलाई क्षेत्र, जाति, वर्ग, लिङ्ग, राजनीतिजस्ता कुराले प्रभाव पार्‍यो भने सत्य कुरा अगाडि नआएर जीवनी स्तुतितिर ढल्किन्छ । भिक्टर प्रधान भन्छन् — "लेखक र नायक परिचित परेमा दुईबिचका अनावश्यक कुरा प्रस्तुत गर्ने, नियतसाथ नायकीय चरित्र अतिरञ्जनापूर्वक उजिल्याउने, कमजोरी लुकाउने वा नायकलाई गिराउन उसका कमजोरीको बढाइचढाइ

गर्ने प्रवृत्तिगत गल्ती देखा पर्छ ।" (नेपाल, २०८१, जेठ २२) । यसरी जीवनीका लागि छनोट गरिएको व्यक्तित्व र उसको योगदान जतिसुकै उच्चकोटिको भए पनि त्यसलाई सम्प्रेषण गर्ने शैली फितलो भयो भने त्यो जीवनी उत्कृष्ट बन्न सक्दैन । यसलाई चाखलाग्दो, कुतूहलपूर्ण र आकर्षक बनाउन आलङ्कारिक तत्वको जरूरी हुन्छ तर यसलाई आलङ्कारिक बनाउने नाममा अतिप्रशंसा र अतिनिन्दा दुवै कुरा हुनुहुँदैन । यसको भाषाशैली सुललित, मनोरञ्जक र हृदयहारी हुनु अपेक्षित छ ।

**जीवनी शिक्षणको सैद्धान्तिक परिचय**

जीवनी कुनै व्यक्ति विशेषका सम्पूर्ण वा आंशिक जीवनका तथ्यपूर्ण घटना, मानसिक प्रभाव, अनुभव तथा क्रियाकलापको क्रमबद्ध विवरण प्रस्तुत गरिएको गद्य रचना हो । " भाषाशिक्षणका क्रममा यसको मुख्य प्रयोजन शब्द भण्डारको विकासका साथै सुनाइ, बोलाइ, पढाइ र लेखाइसँग सम्बन्धित विभिन्न भाषिक सिपहरूको अभ्यास गराउनु हो । व्यक्तित्व र घटनासँग सम्बन्धित हुने हुँदा प्रबन्धभन्दा जीवनी अझ रोचक विधा मानिन्छ" (अधिकारी र शर्मा, २०६५, पृ. ११६) । "यसमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा ख्यातिप्राप्त र विशिष्ट व्यक्तिहरूका प्रेरक चरित्र, कार्य र जीवन प्रसङ्गहरूलाई सङ्गठित गरेर प्रस्तुत गरिएको हुन्छ । निबन्धमा विचारको प्राधान्य, कथामा घटनाको प्राधान्य र जीवनीमा चरित्र एवम् तथ्यपरकताको प्राधान्य हुन्छ" (शर्मा र पौडेल, २०६८, पृ. २३०) । "पाठ्यपुस्तकमा राष्ट्रिय जीवनीअन्तर्गत साहित्यकार, राजनैतिक व्यक्तित्व र विद्वान्का जीवनी राखिएका हुन्छन् । अन्तर्राष्ट्रिय जीवनीअन्तर्गत पनि साहित्यकारका साथै वैज्ञानिक आविष्कारकका जीवनी समावेश गरिएका हुन्छन् । जीवनीमा देशविदेशका महान् विभूतिहरूको वास्तविक लगनशीलता, समर्पण, सेवाभाव र त्यागको भावना पाइन्छ । कठिन अवस्थामा पनि उनीहरू धैर्यशील भएर काम गरेका हुन्छन् । यस्ता महापुरूषहरू युगका निर्माता पनि हुन् । उनीहरूले आफ्नो युगलाई सही बाटोमा देखाउने काम गरेका हुन्छन् । यसर्थ पाठ्यपुस्तकमा नैतिक, आर्दश र कर्तव्यबोधमा सक्रियतासाथ लाग्ने प्रेरणा प्रदान गर्न जीवनी विधा समावेश गरिएको हुन्छ" ( पन्थ, २०७८, पृ. ५६) ।

शिक्षक एकका अनुसार जीवनी खास व्यक्तिका आन्तरिक र वाह्य दुबै जीवनको यथार्थ चित्रण गरिएको गद्य रचना हो । "भाषा पाठ्यपुस्तकमा जीवनी राख्नुको प्रयोजन चारित्रिक सद्बुद्रि र मनोबलको विकास गर्नु हो । जीवनीमा विशिष्ट योगदान पुर्‍याउने व्यक्तिको समग्र व्यक्तित्वमाथि प्रकाश पारिएको हुन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) । यसमा व्यक्तिका जन्मदेखि मृत्युसम्मका आरोह–अवरोह, सफलता–असफलता, सङ्घर्ष वा विपत्तीलगायतका सम्पूर्ण घटनाको विवेचना वा विश्लेषण गरिन्छ । तत्कालीन समाजको सामाजिक, सांस्कृतिक वा राजनैतिक परिवेशसमेत चित्रण गरिएको हुन्छ । अङ्ग्रेजी विद्वान् ड्राइडनले "जीवनी भनेको खास खास मानिसहरूका जीवनको इतिहास हो" भनेका छन् तापनि वस्तुत ऐतिहासिक घटना र तिथि मितिको सङ्कलन र कोरा वर्णनले मात्र साहित्य जीवनी बन्न सक्दैन" (पन्थ, २०७८, पृ. ५६) । यसरी जीवनीमा कथामा जस्तो काल्पनिकता, कवितामा जस्तो भावुकता र निबन्धमा जस्तो आत्मपरकता नभई प्रामाणिक तथ्य, वस्तुपरक दृष्टिकोण, तत्कालीन समाजले स्वीकार गरेका मूल्यमान्यतालाई महत्व दिएको हुन्छ ।

## नतिजा र छलफल

जीवनी निश्चित् व्यक्तित्वका बारेमा तयार पारिने जीवनवृत्त भएकाले व्यक्तिको परिचयक्षेत्र मानिने वैज्ञानिक, दार्शनिक, साहित्यकार, नेतालगायत विषयक्षेत्र हुन्छन् । पाठ्यपुस्तकमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जीवनी भनी वर्गीकरण गरिएको पाइन्छ । जीवनी लेखन प्रक्रियाका आधारमा निर्देशित र अनिर्देशित गरी दुई प्रकारका हुन्छन् । निर्देशित जीवनी तोकिएको विषयमा केन्द्रित भएर लेखिन्छ । यो विद्यालय वा विश्वविद्यालयको शिक्षण र मूल्याङ्कनसँग सम्बन्धित छ । जीवनीमा दिइएका बुँदाहरूलाई विभिन्न उपशीर्षकहरू, बाल्यकाल, पारिवारिक जीवन, प्रमुख कार्य, योगदानको वर्णन, पाएका पुरस्कार, सम्मान र निष्कर्षात्मक मूल्याङ्कन उल्लेख गरिन्छ । विद्यालय तहमा जीवनी शिक्षणका विधि, प्रक्रिया र शिक्षणक्रमको पहिचान तथा विश्लेषणमा आधारित भई तयार पारिएको यस लेखमा शिक्षकबाट सङ्कलित तथा सैद्धान्तिक पक्षलाई समेत सूक्ष्म अन्वेषणबाट प्राप्त तथ्यलाई विभिन्न उपशीर्षकमा विभक्त गरी विश्लेषण गरिएको छ ।

**जीवनी शिक्षणका विधि र प्रक्रिया**

भाषा पाठ्यपुस्तकमा जीवनी समावेश गर्नुको मुख्य उद्देश्य विशिष्ट व्यक्तिको जीवन चरित्रसँग परिचित गराएर उक्त आधारमा विद्यार्थीको मनोबल बढाउनु हो । जीवनीका लागि छनोट भएका महान् व्यक्तिहरूका असल

गुणहरू अवलम्बन गरी सोहीअनुसार विद्यार्थीका आचरण र व्यवहारमा परिवर्तन ल्याउने अपेक्षा गरिएको हुन्छ । यसमा महान् व्यक्तिले गरेका विभिन्न कार्य वा सङ्घर्षका बारेमा उल्लेख गरिने हुनाले शिक्षण सिकाइमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। यसबाट भाषाका चारओटै सिपको विकास गराउन सकिन्छ। जीवनी शिक्षणका लागि मुख्य घटनाटिपोट, श्रुतिवर्णन, सस्वरपठन, शब्दोच्चारण, मौनपठन, शब्दार्थ, शब्द प्रयोग, हिज्जे, सारांशकथन र लेखन, पठनबोध, वाक्यरचना, प्रश्नोत्तर तथा व्याकरणका अभ्यासलगायतका क्रियाकलापका गराउन सकिन्छ ( पन्थ, २०६७, पृ. १९७ –१९८)।

जीवनी शिक्षणका प्रयोजन चारित्रिक सद्बुद्धि र मनोबलको विकास गराउनु, जीवन सार्थक पार्ने प्रेरणा प्रदान गर्नु, आन्तरिक ऊर्जामा अभिवृद्धि गराउनु, असल व्यक्तिको जीवनीमा निहित सद्गुणको अनुकरण गराउनु हो। यसबाट आशावादिता, इमान्दारिता र कर्तव्यनिष्ठ भावनाको विकास गराउन सकिन्छ। आफ्नो देश र समाजको उन्नतिमा मन, वचन र कर्मले समर्पित हुने प्रेरणा दिन, साहित्यिक तथा मौखिक अभिव्यक्तिहरूमा आफ्ना विचार दिन सक्षम तुल्याउन र विभिन्न घटनाहरू सुनी तिनलाई मौखिक रूपमा व्यक्त गर्न सक्ने तुल्याउन सकिन्छ ( पन्थ, २०६७, पृ. १९८) । लिखित सामग्रीहरूलाई शुद्ध एवम् स्पष्टसँग सस्वर र मौनवाचन गर्न, आफूले देखेका, पढेका, सुनेका वा अनुभव गरेका विषयवस्तुका बारेमा उपयुक्त हाउभाउ साथ सिलसिला मिलाएर बोल्न सक्षम बनाउन र विभिन्न विषयवस्तुका खासखास बुँदाहरू टिप्न, व्याख्या गर्न, प्रश्नोत्तर गर्न, मौखिक तथा लिखित रूपमा अभिव्यक्त भएका विषयवस्तुको सारांश भन्न र लेख्न सक्ने बनाउनु सकिन्छ" (पन्थ, २०७८, पृ. ५९–६१)। विभिन्न महापुरूषका जीवनी पढ्न तथा प्रेरणा लिन सक्ने बनाउनु, मौखिक अभिव्यक्तिका क्रममा प्रयुक्त हाउभाउ, चेष्टा तथा अभिनयको ख्याल गरी सुन्न, शुद्ध एवम् स्पष्ट उच्चारणका साथ सस्वरवाचन गर्न, पठनबोधका दृष्टिले मौनवाचन क्षमताको विकास गराउन सकिन्छ हुन्छ ( पन्थ, २०७८, पृ. ५८) । शिक्षक दुईका अनुसार पाठमा प्रयुक्त कठिन शब्दहरूको अर्थ बताउन, वाक्यमा प्रयोग गर्न तथा पठित पाठको बोधप्रश्नोत्तर गर्न, पठित जीवनीका मुख्य मुख्य घटनाहरू पहिल्याउन र टिप्न, जीवनीमा प्रस्तुत विषयवस्तु र चरित्रनायकका सम्बन्धमा प्रश्नोत्तर गर्न तथा छलफलमा भाग लिन सक्ने बनाउन सकिन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१)।

जीवनी नायकको जीवनीमा घटित घटनाहरू सुनेर क्रमअनुसार मौखिक तथा लिखित रूपमा वर्णन गर्न सक्ने बनाउनु, पठित जीवनीका विशिष्ट हरफहरूको व्याख्या गर्न, सारांश भन्न र लेख्न सक्ने सिपको विकाश गराउन सकिन्छ । शिक्षक तीनका अनुसार दिइएको जीवनीका आधारमा परिचित व्यक्तिहरूका जीवनी भन्न र लेख्न सक्ने बनाउन र आफूले पढेका जीवनीका बारेमा मौखिक तथा लिखित रूपमा सिलसिला मिलाई वर्णन गर्न सक्ने क्षमताको विकास गराउन सकिन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१)।

जीवनी शिक्षणको उद्देश्य विद्यार्थीहरूले साहित्यकार, राजनीतिज्ञ, विद्वान्, विचारकहरूका जीवनचर्या एवम् कामबारे बुझी तदनुरूप अनुकरण गर्न सकिने कुरामा अभिप्रेरित हुन सकून् भन्ने हो। यसको शिक्षण गर्दा प्रश्नोत्तर, सस्वर तथा मौनपठन, महत्वपूर्ण गद्यांशको तात्पर्य, छलफल जस्ता प्रक्रिया अपनाउन सकिन्छ (माध्यमिक शिक्षा पाठ्यक्रम, २०५५)।

"जीवनी शिक्षणको मुख्य उद्देश्य कथामा उल्लेख भएझैँ भाषाका मौखिक तथा लिखित बोध एवम् अभिव्यक्ति सिपको विकास गर्नु हो । यो विशिष्ट व्यक्तित्वका जीवनमा घटेका घटनालाई आधार मानी प्रस्तुत गरिने भएको हुँदा यसका माध्यमबाट त्यस्ता विशिष्ट व्यक्तित्व एवम् चरित्रहरूको मौखिक तथा लिखित वर्णन गर्ने सिपको विकास गराउन सकिन्छ। यसका अतिरिक्त यस्ता पाठहरूबाट सस्वर तथा मौनपठन, पठनबोध, मौखिक तथा लिखित रूपमा प्रश्नोत्तर बुँदाटिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलाउने, कठिन शब्दको उच्चारण, अर्थ र प्रयोग, श्रुतिलेखन जस्ता क्रियाकलाप गराउनुपर्छ" (माध्यमिक शिक्षा पाठ्यक्रम, २०६४)।

जीवनी शिक्षणमा विधागत उद्देश्य र भाषिक सिपलाई दृष्टिगत गरेर सहज रूपमा उपलब्ध हुने जुनसुकै प्रकारका सामग्रीलाई पनि प्रयोग गर्न सकिन्छ। जीवनीको विषयवस्तुलाई आधार सामग्री मानेर त्यसैको सेरोफेरोमा भाषिक सिप अभिवृद्धि गर्ने किसिमका शिक्षण सहायक सामग्रीहरू प्रयोग गर्नुपर्छ हुन्छ" ( पन्थ, २०६७, पृ. १९८) । जीवनी शिक्षणमा शब्दपत्ती, गोजीतालिका, पाठसँग सम्बन्धित विभिन्न चित्र एवम् फोटोहरू, जीवनी नायकसँग सम्बन्धित रोचक प्रसङ्गहरू वा संस्मरणहरू, टेपरेकर्डर लगायतका सामग्री उपयोगी बन्न सक्छन् ( पन्थ, २०७८, पृ. ५८)। जीवनी शिक्षणको प्रभावकारिता कक्षा कोठामा गरिने क्रियाकलापमा निर्भर हुन्छ।

जीवनी मूलतः पाठ्य विधा भएकाले यसको शिक्षण सिकाइ क्रियाकलाप पनि यसैमा आधारित हुनुपर्दछ । यसक्रममा सम्बन्धित जीवनीका निश्चित् अनुच्छेदहरू विद्यार्थीहरूलाई सुनाइ प्रश्नोत्तर गराउन सकिन्छ। यति, गति मिलाएर सस्वरवाचन गराउनाका साथै पठनबोधका दृष्टिले मौनवाचन र बोधप्रश्नोत्तर गराउनुपर्छ । शिक्षक चारका अनुसार जीवनी पाठका कठिन शब्दहरू टिप्न लगाई तिनको अर्थ र प्रयोगसम्बन्धी अभ्यास गराउन सकिन्छ। जीवनीका मुख्य घटनाहरू टिप्न लगाई तिनको अर्थ र प्रयोगसम्बन्धी अभ्यास गराउन सकिन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) । जीवनीका मुख्य घटनाहरू क्रम मिलाएर टिप्न गराउन सकिन्छ । पढेको पाठ वा जीवनीको सम्पूर्ण पाठ वा अंशको सारांश लेख्न र भन्न लगाउन सकिन्छ। यसक्रममा आफ्ना क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरूको जीवनीका बारेमा छलफल गराइ लेख्न लगाउन सकिन्छ। व्यक्तित्वका बारेमा बुँदाहरू दिएर तिनलाई छोटो जीवनीको रूपमा लेख्न लगाउन सकिन्छ ( पन्थ, २०७८, पृ. ५७)। जीवनी शिक्षणका क्रममा राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यक्तित्वको परिचय दिई उनीहरूले गरेका योगदान, आर्दश एवम् अनुकरणीय प्रयासबारेमा विद्यार्थीसँग परिचित गराउन सकिन्छ।

“जीवनी भाषाको गद्य भेद हो। जीवनीबाट विद्यार्थीलाई घटना वर्णन, घटनालेखन, बुँदाटिपोट, प्रश्नोत्तर, सारांश लेखन र जीवनी लेखन जस्ता अभ्यास गराउनुपर्छ। जीवनी लेखनसँग सम्बद्ध गराएर अन्तर्वार्ता, परियोजनाकार्य, घटनाअध्ययन जस्ता क्रियाकलाप गराउनुपर्छ । जीवनी शिक्षणबाट मूलतः भाषाका पढाइ र लेखाइ सिपको विकास हुने भए पनि लेखन अभ्याससम्बन्धी क्रियाकलाप बढी प्रभावकारी हुन्छ” (माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ११–१२), २०७६) । जीवनी शिक्षणबाट विद्यार्थीको सिर्जनात्मक क्षमताको विकास गराउन सकिन्छ । शिक्षणका क्रममा भाषाको कुन सिप सिकाउन खोजिएको हो भन्ने कुरामा केन्द्रित रहेर क्रियाकलाप गराउन सकिन्छ। यसमा सामान्यतः व्याख्यान विधि प्रयोग गरिन्छ। यसका अतिरिक्त छलफल विधिको पनि प्रयोग गर्न सकिन्छ। यसमा शिक्षक विद्यार्थीको दोहोरो सहभागिता आवश्यक हुन्छ। विद्यार्थीको सक्रियता जति बढी हुन्छ, शिक्षण त्यति प्रभावकारी बन्न पुग्छ हुन्छ” (पन्थ, २०७८, पृ. ५९)। शिक्षक पाँचका अनुसार जीवनी विद्यार्थीहरूको सक्रिय सहभागिता सिर्जना गर्नाका लागि शिक्षकले विभिन्न समूहमा विभाजित गरेर पाठ्यवस्तुको निश्चित् पक्षमाथि छलफल गराउन सकिन्छ । यसक्रममा व्याख्यान विधि सैद्धान्तिक र छलफल विधि प्रायोगिक हुन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१)। यसर्थ विषयवस्तुलाई व्याख्यान विधिबाट प्रस्तुत गरेर त्यसलाई प्रभावकारी र स्थायी बनाउन छलफलको प्रयोग गर्नु भाषिक सिपका दृष्टिले सान्दर्भिक हुन्छ।

पाठ वा अनुच्छेदभित्रका मुख्यमुख्य घटनाहरू टिप्ने क्रियाकलापलाई घटना टिपोट भनिन्छ । शिक्षक छका अनुसार जीवनी शिक्षणका क्रममा विद्यार्थीहरूलाई पाठबाट मुख्यमुख्य घटना टिप्न लगाउन सकिन्छ । यस क्रियाकलापबाट सुनेका आधारमा टिप्न सक्ने सिपको विकास गराउन सकिन्छ । यसका साथै टिपेका मुख्य घटनालाई सिलसिला मिलाई मौखिक वा लिखित रूपमा वर्णन गर्न लगाउन सकिन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) । यसबाट सफा र शुद्धसँग शृङ्खला मिलाई लेख्ने बानीको पनि विकास गराउन सकिन्छ। यसबाट नयाँ शब्दको अर्थ र त्यसको प्रयोग गर्ने कलाको विकासले शब्दभण्डारमा पनि वृद्धि गराउन सकिन्छ। शिक्षक सातका अनुसार जीवनीबाट पढेका र सुनेका आधारमा मुख्य घटना छुट्याई टिपोट गर्ने, सफा र शृङ्खला मिलाई लेख्ने बानीको विकास गर्ने, शब्दको अर्थ भन्न र वाक्यमा प्रयोग गर्ने सिपको विकास गराउन सकिन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१)।

मुख्य घटना टिपोट गराउँदा पाठको छनोट गर्ने, पाठभित्रका कठिन शब्दको अर्थसहित वाक्यमा प्रयोग गर्ने अभ्यास गराउने, मुख्यमुख्य बुँदाहरू के के हुनसक्लान् छलफल गराउने, विद्यार्थीलाई सम्बन्धित पाठ पढ्न लगाउने, मुख्यमुख्य बुँदा छानेर टिप्न लगाउने, टिपेका बुँदा कक्षामा प्रस्तुत गर्न लगाउने, त्रुटि भएमा शिक्षकले सच्याइ दिने जस्ता कार्यकलाप गराउन सकिन्छ। जीवनी शिक्षण गर्न प्रयोग गरिने क्रियाकलापहरूमध्ये मुख्य क्रियाकलाप घटना टिपोट हो। यो क्रियाकलापबाट विद्यार्थीमा मुख्य घटना टिप्ने र त्यसलाई सिलसिला मिलाई सफा र शुद्धसँग लिखित अभिव्यक्ति गर्न सक्ने क्षमताको विकास हुन्छ।

शिक्षक आठका अनुसार जीवनी लेखनमा लेखकले व्यक्ति र विषयको खोजी गर्नुपर्दैन। व्यक्ति, विषय र त्यसका लागि आवश्यक पर्ने सबै बुँदाहरू त्यहीँ दिइएका हुन्छन्। यो स्वतन्त्र सिर्जनात्मक लेखन नभएर निर्देशित परीक्षामूलक लेखन हो। अनिर्देशित जीवनी साहित्य हो। यसका लागि विषयक्षेत्र, व्यक्ति र योगदान आदि सबै कुराको खोजी स्रष्टा आफैँले गर्नुपर्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) । जीवनी

व्यक्तिको योगदानको पहिचान गरी पाठकसम्म पुऱ्याउने र त्यसबाट जीवनका लागि उत्प्रेरणा प्रदान गर्ने उद्देश्यले लेखिन्छ। शिक्षक नौका अनुसार जीवनी व्यक्तिले समाज, राष्ट्र र मानवका लागि दिएको योगदानलाई चिरस्थायी बनाउने प्रयासस्वरूप जीवनीको सिर्जना हुने गर्दछ (व्यक्तिगत अन्तर्वार्ता २०८१)। व्यक्तिको स्वतः स्फूर्त रूपमा पहिचान गरी यथार्थ र कल्पनाको मिश्रणबाट मनोरञ्जनात्मक शैलीमा प्रस्तुतीकरण गर्नु अनिर्देशित जीवनी लेखन हो। जीवनीलाई वर्तमान साहित्यको पनि लोकप्रिय साहित्यिक सामग्री मानिएको छ। यसमा सम्बन्धित चरित्रनायकको भन्दा जीवनी लेखकको विशेष भूमिका हुन्छ।

**जीवनी शिक्षणका कार्यकलाप**

श्रुतिवर्णन कुनै घटना, प्रसङ्ग वा विषयवस्तुको वर्णन, श्रवण, सुनेका आधारमा सिलसिला मिलाई लेख्न वा भन्न लगाउनु हो। यो क्रियाकलाप गराउँदा सुनेर सम्झन सक्ने क्षमताको विकास गराउन सकिन्छ। त्यसैगरी सिलसिला मिलाई मौखिक वर्णन, शुद्धसँग सिलसिला मिलाई लेखन क्षमताको विकास र शब्दभण्डार वृद्धि गराउन सकिन्छ।

सस्वरपठन लिखित सामग्रीलाई आवाज निकाली अर्कोले बुझ्ने गरी पढ्नु हो। यसबाट लेख्य सामग्रीलाई बुझ्न र बुझाउन मदत मिल्दछ। शिक्षक दसका अनुसार जीवनी शिक्षणका क्रममा जीवनीअन्तर्गतका खासखास अनुच्छेद सस्वरपठन गराउन सकिन्छ। सस्वरपठन गराउँदा गति र यति मिलाई पढे नपढेको, चिह्नको विचार पुऱ्याई पढे नपढेको, हाउभाउ प्रदर्शन गरी पढे नपढेको, भावअनुसार पढे नपढेको जस्ता कुरामा ध्यान पुऱ्याउनुपर्छ। सस्वर पढाइबाट अक्षर नजान्नेहरूले पनि पढेको सुनेर बुझ्ने अवसर पाउँछन् (व्यक्तिगत अन्तर्वार्ता २०८१)। विद्यार्थीको पढाइमा आत्मविश्वासमा वृद्धि हुन्छ। यसबाट मौन पढाइको आधारशील तयार हुने र उच्चारणमा सुधार हुन्छ। सस्वर पढाइबाट मनोरञ्जन प्राप्त हुनुका साथै शब्दको अर्थ र वाक्यमा प्रयोग गर्ने क्षमताको विकास गराउन सकिन्छ।

मौनपठन लिपिबद्ध सामग्रीलाई आवाज ननिकाली पढ्नु हो। मौन पढाइबाट पढाइमा ध्यान केन्द्रित गर्न मदत मिल्छ। शिक्षक एघारका अनुसार यसबाट कम समयमा धेरै कुरा पढ्न र बुझ्न सकिन्छ। यसले स्वाध्ययन गर्ने बानीको विकास गराउँछ। यसबाट विद्यार्थीहरूमा मुख्य आशय बुझ्न पढ्ने र सोधिएका प्रश्नको उत्तर दिन पढ्ने सिपको विकास गराउन सकिन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१)। यसबाट विषयवस्तुमा ध्यान केन्द्रित गरी पढ्ने र बोधक्षमताको विकास गर्न सहयोग पुग्छ। पाठ्यवस्तुबाट मुख्य कुरा छनोट गरी लिने र थोरै समयमा धेरै सामग्री पढी विश्लेषण गर्न सक्ने सिपको विकास गराउन सकिन्छ। मौनपठन गराउँदा शिक्षकले किताब र आँखाबिचको दूरी पर्याप्त राख्न लगाउने, बसाइको तरिका ठिक छ छैनन्न नभएमा मिलाई बसाउने, ओठ नचलाई, नहल्लिएर शान्तसँग पढ्न लगाउने, साथीभाइलाई घचेट्ने वा इसारा गर्ने जस्ता कार्य गरेको भएमा सो कार्य रोक्ने र प्रश्नोत्तर गराउने कुरामा ध्यान दिनुपर्छ।

शिक्षक बाह्रका अनुसार सारांश कथन सम्बन्धित जीवनी पाठश्रवण वा पाठ पढ्न लगाई पाठका आधारमा सम्बन्धित व्यक्तिका मुख्यमुख्य घटनाहरू सिलसिला मिलाई भन्न लगाउनु हो। सारांश लेखन सोही किसिमका घटनालाई मिलाई सङ्क्षिप्त वृतान्त लेख्न लगाउनु हो (व्यक्तिगत अन्तर्वार्ता २०८१)। यसबाट जीवनीका मुख्य कुरा ठम्याउने सिपका साथै बोलाइ र लेखाइ सिपको अभ्यास गराउन सकिन्छ। यो क्रियाकलाप मौखिक रूपमा सञ्चालन गर्नाले मुख्य कुरा नछुटाई शृङ्खला मिलाई बोल्ने बानीको विकास गराउन सकिन्छ। लिखित रूपमा मुख्य बुँदा नछुटाई लेख्ने बानीको विकास हुन्छ। सारांश लेखन वा कथन गर्दा मूल पाठको एक तृतीयांश गराउने कुरामा अभ्यास गराउनुपर्छ। शिक्षक तेह्रका अनुसार जीवनी श्रुतिवर्णन सुनेका आधारमा सिलसिला मिलाई लेख्न वा भन्न लगाउनु हो। यस क्रियाकलापबाट सुनेर सम्झने वा सम्झेका आधारमा सिलसिला मिलाई भन्ने वा लेख्ने क्षमताको विकास हुन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१)। सारांश कथन कुनै पाठ वा पाठको अंश सुनाउन वा पढ्न लगाई तथा सुनेका वा पढेका आधारमा मुख्य कुरा नछुटाई सिलसिला मिलाई भन्न लगाउनु हो। यसबाट मुख्य कुरा नछुटाई भन्ने वा लेख्ने बानीको विकास गराउन सकिन्छ।

पठनबोध लिखित सामग्री पढ्नु वा त्यसभित्र भएका विषयवस्तु बुझ्नु हो। पठनबोध सस्वर तथा मौनवाचन दुवैबाट गराउन सकिन्छ। मौनवाचनबाट पठनबोध गराउँदा पाठ्यवस्तुभित्रका मुख्य कुरा बुझी भाव व्यक्त गर्न सरल हुन्छ। यसका लागि प्रयोग गरिने पाठ्यसामग्री विद्यार्थीको स्तर अनुकूल हुनुपर्छ। शिक्षक चौधका अनुसार पठनबोध अभ्यासबाट पठित पाठको मुख्य विचार बुझ्ने क्षमता तथा सिपको विकास गराउन सकिन्छ। लिखित सामग्रीलाई गति दिएर पढन मदत पुग्दछ। शब्दको हिज्जे र विराम चिह्नको

जानकारी प्राप्त हुने, लेखाइमा प्रयोग गर्ने र सोधिएका प्रश्नको सही उत्तर दिन सक्ने क्षमताको विकास गराउन सकिन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) । बोलाइ तथा लेखाइमा व्याकरणगत शुद्धि वृद्धि हुनुका साथै शब्दभण्डारमा पनि वृद्धि हुन्छ। पठनबोध गराउँदा विद्यार्थीको बसाइ ठिक छ छैन ?, वातावरण शान्त छ, छैन ? पढ्दा औँलाले देखाइ पढेको छ कि ?, किताब र आँखाको दूरी ठिक छ वा छैन ?, नहल्लिकन पढेको छ वा छैन जस्ता कुरामा ध्यान पुऱ्याउन सकिन्छ। पढेको पाठ विद्यार्थीहरूले बुझे नबुझेको पत्ता लगाउन शिक्षकले सङ्क्षिप्त उत्तरात्मक, ठिक बेठिक बहुविकल्पिक, खाली ठाउँ भर्ने लगायतका प्रश्न गरी उत्तर लिन सकिन्छ। शिक्षक पन्ध्रका अनुसार जीवनी लिखित सामग्री पढेर विषयवस्तु बुझ्नु पठनबोध हो (व्यक्तिगत अन्तर्वार्ता २०८१)। यसबाट मुख्य विचार बुझ्ने क्षमतासहित पठन सिप र शुद्ध अभिव्यक्ति सिपको विकास गराउन सकिन्छ।

वाक्यरचना कर्ता, कर्म र क्रियापद मिलाई अभिव्यक्ति गर्नु हो। लेखाइ शिक्षणलाई स्तरीय बनाउन वाक्य रचना गर्नुपर्ने हुन्छ। शिक्षक सोह्रका अनुसार कक्षाको स्तरअनुसार विद्यार्थीहरूलाई वाक्यमा आउने पदहरूको प्रयोग गर्ने अभ्यास गराउँदै जानुपर्छ। विस्तारविस्तार स्तर बढाउँदै लिङ्ग, वचन, पुरूष, काललगायतको सङ्गति जनाउने गरी वाक्यरचनाको अभ्यास गराउन सकिन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) । वाक्यरचनाको माध्यमबाट विद्यार्थीहरूले गर्ने त्रुटिको अध्ययन गरी निराकरण गर्न सहज हुन्छ । यसमा वाक्यतत्वहरूको बढी अभ्यास गराउन सकिन्छ। वाक्यका आधारभूत तत्वप्रति सचेत गराई वाक्यरचनाको अभ्यास गराउनाले भाषा शुद्ध र परिमार्जित हुँदै जान्छ।

प्रश्नोत्तर सम्बन्धित पाठका आधारमा मौखिक वा लिखित रूपमा प्रश्न सोधेर उत्तर दिन लगाउनु हो। शिक्षक सत्रका अनुसार जीवनी शिक्षणका क्रममा जीवनीलाई आधार मानी अभ्यास गराउनुपर्ने हुन्छ। शिक्षकले तोकिएको जीवनी सस्वर पाठ गरेर सुनाउने र श्रुतिबोधात्मक प्रश्नोत्तर गर्ने, गाउँ, टोल, शहर वा विद्यालय वरिपरिका वरिष्ठ व्यक्तिको जीवनी तयार गरी शिक्षकले सुनाउने र सुनेका आधारमा प्रश्नोत्तर गराउने, जीवनीको सस्वर वा मौनपठन गर्न लगाउने र पठित विषयवस्तुसम्बन्धी मौखिक तथा लिखित प्रश्नोत्तर गराउने र सम्बन्धित पाठभित्रबाट पहिला नै प्रश्न दिई सस्वर वा मौनपठन गर्न लगाई पठनपछि मौखिक वा लिखित उत्तर दिन लगाउन सकिन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१)।

शिक्षक अठारका अनुसार प्रश्नोत्तरबाट मुख्य घटना टिपोट र सारांश लेखन जस्ता विभिन्न क्रियाकलापमा सहयोग पुऱ्याउँछ। प्रश्नोत्तरबाट जीवनीका मुख्य घटना वा सङ्क्षिप्त वृतान्त टिपोट गर्ने कार्यमा प्रोत्साहित गर्न सकिन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१)। यसबाट उनीहरूको प्रत्यक्ष सहभागितामा वृद्धि हुँदै जान्छ। विद्यार्थीले पढेका विषयवस्तु केकति मात्रामा स्पष्ट छन् भन्ने कुरा पत्ता लगाउन प्रश्नोत्तर विधि प्रयोग गरिन्छ।

पाठ वा अनुच्छेदभित्रका मुख्य घटनाहरू टिप्ने क्रियाकलापलाई घटनाटिपोट भनिन्छ। जीवनी शिक्षणका क्रममा विद्यार्थीहरूलाई पाठबाट मुख्य घटना टिप्न लगाउने अभ्यास गराउन सकिन्छ। शिक्षक उन्नाइसका अनुसार जीवनीबाट सुनेका आधारमा बुँदा टिप्न सक्ने सिपको विकास गराउन सकिन्छ। टिपेका मुख्य घटनालाई सिलसिला मिलाई मौखिक वा लिखित रूपमा वर्णन गर्न सक्ने बानीको विकास हुन्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१) । यसबाट सफा र शुद्धसँग शृङ्खलाबद्ध रूपमा लेख्ने बानीको पनि विकास गराउन सकिने र शब्दभण्डारमा पनि वृद्धि हुन्छ। पढेका र सुनेका आधारमा मुख्य घटनाटिपोट गर्न, सफा र शृङ्खलाबद्ध रूपमा लेख्ने बानीको विकास गर्न, शब्दको अर्थ भन्ने र वाक्यमा प्रयोग गर्ने सिपको विकास गराउन सकिन्छ।

शिक्षक बिसका अनुसार जीवनीको मुख्य घटना टिपोट गराउँदा पाठको छनोट गर्ने, पाठभित्रका कठिन शब्दको अर्थसहित वाक्यमा प्रयोगका अभ्यास गराउने, मुख्य बुँदाहरू के के हुन सक्लान् छलफल गर्ने, सम्बन्धित पाठ पढ्न लगाउने, मुख्य बुँदा छानेर टिप्न लगाउने, टिपेका बुँदा कक्षामा प्रस्तुत गर्न लगाउने, त्रुटि भएमा शिक्षकले सच्याइ दिने जस्ता कार्यकलापमा विशेष ध्यान पुऱ्याउनुपर्छ (व्यक्तिगत अन्तर्वार्ता २०८१)। यसरी जीवनी शिक्षण गर्न प्रयोग गरिने क्रियाकलापहरूमध्ये मुख्य क्रियाकलाप घटना टिपोट हो। यसबाट विद्यार्थीमा मुख्य घटना टिप्ने र त्यसलाई सिलसिलाबद्ध रूपमा सफा र शुद्धसँग लिखित अभिव्यक्ति गर्न सक्ने क्षमताको विकास हुन्छ।

स्थानीय परिचित एवम् प्रतिष्ठित व्यक्तिका बारेमा समयतालिका तयार गरी जन्म, प्रमुख घटना तथा कार्यहरूलगायत खुल्ने गरी विवरण तयार गरेर विद्यार्थीहरूलाई व्यक्तिको जीवनीसँग परिचित गराउन सकिन्छ। उनीहरूलाई सम्बन्धित व्यक्तिसम्बन्धी सरल प्रश्न

तयार गरी सम्बन्धित व्यक्तिसँगै प्रश्न सोध्न लगाएर पनि जीवनी तयार गर्न लगाउन सकिन्छ। यसबाट विद्यार्थीहरूमा प्रश्न गर्ने सिपको विकास हुन्छ। स्थानीय स्तरका जीवनीबाट शिक्षण सुरू गरी राष्ट्रियस्तरका जीवनीका बारेमा शिक्षण गर्दा जीवनीमा कुनकुन पक्षलाई हेरिँदोरहेछ भन्ने कुरामा पनि स्पष्टता प्राप्त हुन्छ। यसरी जीवनी शिक्षणका लागि मुख्य घटनाटिपोट, श्रुतिवर्णन, सस्वरपठन, शब्दोच्चारण, मौनपठन, शब्दार्थ, शब्दप्रयोग, हिज्जे, सारांशकथन र लेखन, पठनबोध, वाक्यरचना, प्रश्नोत्तर तथा व्याकरणका अभ्यासलगायतका क्रियाकलाप गराउन सकिन्छ। जीवनी शिक्षणबाट शब्दभण्डारमा वृद्धि, मौलिक तथा सिर्जनात्मक अभिव्यक्ति, पठनबोध क्षमता, शब्दप्रयोगगत विशिष्टता, विचारको प्रस्तुतीकरण, सङ्गठन, वाक्यगठन तथा अनुच्छेद गठनगत सिपको विकास गराउन सकिने भएकाले व्याख्या, छलफल, प्रश्नोत्तर, तुलना, समीक्षा, प्रतिवेदन प्रस्तुति, परियोजना, पठनबोध तथा कक्षा प्रस्तुतीकरण विधिको उपयोग गर्दै कक्षाको परिस्थिति, जीवनीको गहनता तथा विद्यार्थीका कक्षागत स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधिहरू अँगाल्न सकिन्छ।

## निष्कर्ष

पाठ्यपुस्तकमा जीवनी समावेश गर्नुको उद्देश्य विशिष्ट व्यक्तिको जीवन चरित्रसँग परिचित गराएर उक्त आधारमा विद्यार्थीको मनोबल बढाउनु हो। यसका लागि छनोट भएका महान् व्यक्तिहरूका असल गुणहरू अवलम्बन गरी सोहीअनुसार विद्यार्थीका आचरण र व्यवहारमा परिवर्तन ल्याउने अपेक्षा गरिएको हुन्छ। यसबाट भाषाका चारओटै सिपको विकास गराउन सकिन्छ। जीवनी उत्प्रेरणामूलक साहित्यिक रचना भएकाले यसका लागि जोकोही व्यक्ति नायक हुन सक्दैन । कुनै लेखकले कुनै व्यक्तिलाई चिनेका आधारमा जीवनी हुँदैन। व्यक्तिले आफ्नो जीवनी लेखिनलायक काम गरेको हुनुपर्छ। जीवनी पढ्दा नयाँ पुस्ताले केही कुरा ग्रहण गर्न सक्छ त्यस्तो व्यक्तिको जीवनी लेखिन्छ। जीवनीमा जन्मदेखि मृत्युसम्मका सम्पूर्ण कुराहरू आउने हुनाले त्यहाँ सबै उमेरसमूह जोडिन्छन् । यसमा पाठकलाई प्रभाव पार्न सक्ने सूक्ष्म घटनाहरू पनि समावेश गरिन्छ। यस्ता कुराले विश्वसनीयता उत्पन्न गरी मानवीय चरित्रका स्वाभाविक पक्षहरूप्रति पनि सम्बोधन हुन्छ।

जीवनी भाषाका माध्यमबाट अभिव्यक्त विचारको कलात्मक प्रस्तुति हो। साहित्यकै अङ्ग मानिने जीवनीलाई जीवनचरित्र वा जीवन चरित पनि भनिन्छ। यसमा विशेष व्यक्तिका जीवनमा घटेका घटनाहरू तथा चरित्र, पेसालगायत महत्वपूर्ण अंशहरू टिपेर उसले समाजमा दिएका योगदान उल्लेख गरी त्यसको मूल्याङ्कन पनि समावेश गरिएको हुन्छ । महत्वपूर्ण देन दिने विशिष्ट व्यक्तिको जीवनी लेखिन्छ । यसबाट विद्यार्थीहरूमा शब्दभण्डारमा वृद्धि, मौलिक तथा सिर्जनात्मक अभिव्यक्ति क्षमताको विकास, पठनबोध क्षमता, शब्द प्रयोगगत विशिष्टता, विचारको प्रस्तुतीकरण, सङ्गठन, वाक्यगठन र अनुच्छेद गठनगत सिपको विकास गराउन सकिन्छ।

जीवनी शिक्षणका क्रममा जीवनीकारको परिचय वा विषयप्रवेश खण्ड, विस्तार खण्ड र उपसंहार खण्डका बारेमा सैद्धान्तिक जानकारी गराई सोहीअनुसार लेख्ने अभ्यास गराउन सकिन्छ। विद्यार्थीहरूले लेखेका जीवनी कक्षामा सुनाउन लगाई अरू विद्यार्थीलाई सुन्न लगाउने र आवश्यक टिप्पणीसहित पृष्ठपोषण दिन सकिन्छ। जीवनी शिक्षणका लागि मुख्य घटनाटिपोट, श्रुतिवर्णन, सस्वरपठन, शब्दोच्चारण, मौनपठन, शब्दार्थ, शब्दप्रयोग, हिज्जे, सारांशकथन र लेखन, पठनबोध, वाक्यरचना, प्रश्नोत्तर तथा व्याकरणका अभ्यासलगायतका क्रियाकलाप गराउन सकिन्छ । यसबाट शब्दभण्डारमा वृद्धि, मौलिक तथा सिर्जनात्मक अभिव्यक्ति, पठनबोध क्षमता, शब्दप्रयोगगत विशिष्टता, विचारको प्रस्तुतीकरण, सङ्गठन, वाक्यगठन तथा अनुच्छेद गठनगत सिपको विकास गराउन सकिने भएकाले व्याख्या, छलफल, प्रश्नोत्तर, तुलना, समीक्षा, प्रतिवेदन प्रस्तुति, परियोजना, पठनबोध तथा कक्षा प्रस्तुतीकरण विधिको उपयोग गर्दै कक्षाको परिस्थिति, जीवनीको गहनता तथा विद्यार्थीका कक्षागत स्तरलाई दृष्टिगत गरी एक वा बढी शिक्षण विधिहरू अँगाल्न सकिने निचोड निकालिएको छ।

शिक्षकहरूले निर्धारित कक्षाका केही जीवनीका पाठहरू परिवर्तन गर्नुपर्ने सुझाव दिएअनुसार भाषा सिकाइसँग सम्बन्धित स्तरअनुकूलतालाई पनि ध्यान दिनुपर्दछ । सम्बन्धित शिक्षकले बताएअनुसार जटिल लागेका र निर्धारित पाठ्भारमा अध्यापन गर्न नसकिने र भाषा सिकाइसँग नजोडिएका बोझिला खालका जीवनीका पाठहरू पाठ्यक्रमको मर्मअनुसार विद्यार्थीका मनोवैज्ञानिक स्तर र सिकाइ अनुकूल हुने गरी छनोट र स्तरण गर्नुपर्ने देखिन्छ । समयानुकूल जीवनीका पाठहरू थपोट

गर्नुपर्ने देखिन्छ । यसरी प्रस्तुत अध्ययन जीवनी शिक्षणका विधि, प्रक्रिया र शिक्षणक्रमका क्षेत्रमा गहन अध्ययन गर्न चाहने शिक्षक, विद्यार्थी तथा अनुसन्धानकर्ताका लागि लाभदायी हुने देखिन्छ । यसै गरी पाठ्यांश निर्माण तथा परिमार्जनका सन्दर्भमा समेत उपयोगी हुने छ । साथै यस अध्ययनले निर्दिष्ट जीवनीका पाठहरूको मूल्याङ्कन गर्नसमेत सकिने आधार प्रदान गरेको छ ।

**कृतज्ञताज्ञापन**

प्रस्तुत लेख तयारीका क्रममा प्रत्यक्ष रूपमा थुप्रै सहयोग प्राप्त भएका छन् । यसक्रममा विद्वान्हरूका सैद्रान्तिक लेखरचना तथा कृतिहरूको पनि उपयोग गरिएको छ। उक्त कृतिका लेखकप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसै गरी लेखको आवश्यक परिमार्जनका लागि गहन सुझाव उपलब्ध गराउनु भएका विषयविज्ञहरूप्रति आभार प्रकट गर्दछु । यो लेख निर्दिष्ट विद्यालयका नेपाली विषय शिक्षकको धारणाका आधारमा जीवनी शिक्षणका विधि, प्रक्रिया र शिक्षणक्रम सम्बद्ध सूचना वा जानकारीका आधारमा व्याख्या विश्लेषण गरिएकाले उहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

## सन्दर्भसूचीहरू

अधिकारी, हेमाङ्गराज (२०६५), नेपाली भाषा शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७१), भाषा शिक्षणका लागि रचनामुखी व्याकरणको खोजी, शिक्षा, पाठ्यक्रम विकास केन्द्र, ३१, (१), १०–२० ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६५), प्रारम्भिक नेपाली शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, प्रेमनारायण र नारायणप्रसाद पन्थ (२०७१), शैक्षणिक विधि, एसिया पब्लिकेसन्स प्रालि ।

ओझा, रामनाथ (२०७१), आधुनिक नेपाली निबन्ध र समालोचना, पाठशाला पब्लिकेसन प्रालि ।

खनिया, बुद्धराज (२०७८), स्नातक र स्नातकोत्तर तहका नेपाली भाषा शिक्षण सम्बद्ध पाठ्य विषयहरूको छनोट र स्तरण, विकासका निम्ति शिक्षा, ४५, (२५), १५९–१७८, https://doi.org/10.3126/bns.v45i25.59978

खनिया, बुद्धराज (२०७९), स्नातकोत्तर तहको नेपाली शिक्षाका पाठ्यांशको अध्ययन, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुरमा प्रस्तुत लघु अनुसन्धान ।

ढकाल, शान्तिप्रसाद र तीर्थराज खतिवडा (२०७५), भाषिक विधा शिक्षण, पिनाकल पब्लिकेसन ।

नेपाल, देवी (२०८१, जेठ २२), जीवनी के हो र कसरी लेखिन्छ ?, साहित्य पोष्ट, https://sahityapost.com/khoj– anusandhan/ 39366/

पन्थ, नारायणप्रसाद (२०६७), नेपाली भाषा शिक्षण, एसिया पब्लिकेसन्स प्रालि ।

पन्थ, नारायणप्रसाद (२०७८), भाषिक विधा शिक्षण, बुटवल एजुकेसन फाउन्डेसन युनेस्को केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०५५), माध्यमिक शिक्षा पाठ्यक्रम, २०५५ । www.cdc.gov.np

पाठ्यक्रम विकास केन्द्र (२०६४), माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ । www.cdc.gov.np

पाठ्यक्रम विकास केन्द्र (२०६६), अनिवार्य नेपाली शिक्षण निर्देशिका, २०६६, अनिवार्य नेपाली विषय स्थायी समिति ।

पाठ्यक्रम विकास केन्द्र (२०६९), नेपाली साहित्यिक रचना, २०६९, अनिवार्य नेपाली विषय स्थायी समिति ।

पाठ्यक्रम विकास केन्द्र (२०७१), माध्यमिक शिक्षा पाठ्यक्रम, २०७१ । www.cdc.gov.np

पाठ्यक्रम विकास केन्द्र (२०७६), माध्यमिक शिक्षा पाठ्यक्रम, २०७६ । www.cdc.gov.np

पौडेल, माधवप्रसाद (२०७०), नेपाली भाषा शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

AnL Blee, K. M. & Taylor, V. (2002). Seme structured interviewing in social movement research. In: Bert klandermans and Suzanne straggenborge (eds.). Methods of social movement research. Minnacapolis : University Minnacsota Press, pp. 92 - 117.

सुवेदी, राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (२०६८), रत्न बृहत् नेपाली समालोचना, रत्न पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०७२), नेपाली भाषा र साहित्य शिक्षण, विद्यार्थी पुस्तक भण्डार ।

❖❖❖